# १ अन्तः

*यस अध्यायका मूल पदहरू:* अय्यूब ४२:१०-१७, उत्पत्ति ४:८, मत्ती १४:१०, १ कोरन्थी १४:१०, १ कोरन्थी ४:५, दानिएल २:४४ र अय्यूब १४:१४,१५।

*यस अध्यायमा कण्ठ गर्नुपर्ने मूल सार पदः* **"अनि येशूले उनलाई (मार्था) भन्नुभयो, "मरेकोबाट बिउँताउने मै हुँ। मानिसलाई जीवन दिने पनि मै हुँ। यदि कोही मानिसले ममाथि भरोसा राख्छ भने ऊ मरेपनि फेरि जिउनेछ""-(यूहन्ना ११:२५ रूपान्तरित)।**

**लेखनशैली कक्षामा कुनै पनि कथाको अन्त राम्रो हुनु जरुरी छ भनेर बिद्यार्थीहरूलाई सिकाउँदछ।** विशेष गरेर कुनै काल्पनिक कथा छ भने त्यसको अन्त राम्रो र रोचक हुनुपर्छ। काल्पनिक कथाकारले आफ्नो कथालाई सबैले मनपर्ने गरेर अन्त्य गर्नुपर्छ। सत्य कथाहरूमा पनि त्यसको अन्त्य राम्रो हुनु जरुरी छ।

**तर** हामीहरूको आफ्नै कथाहरूको बारेमा के भन्ने? हामीहरूका जीवनका कथाहरू प्रायजसो पुस्तकका पानाहरूमा वा सिनेमाहरूको लागि लेखिएको हुँदैन। तर हाड, छाला, मासु र रगतले बेरिएको हामीहरूको जीवन काल्पनिक नभएर साँच्चिकै हो। हामीहरूको जीवनको कथाको अन्त कस्तो छ? हामीहरूको कथा कसरी सिद्धिन्छ? के असल लेखनिशैलीमा जस्तै जसोतसो गरेर राम्रो भएर हामीहरूको जीवनको कथा रोचक र राम्रो हुन्छ त?

तर यथार्थमा भन्ने हो भने यस संसारका कुनै पनि मानिसहरूको जीवन कहानी रोचक र संतुष्ट तरिकाले अन्त हुँदैन, कसरी हुन्छ त जब त्यसको अन्त मृत्यु हुनजान्छ? जतिसुकै मैहुँ भन्ने होस् वा महान् व्यक्ति भनेर किन नकहलाइयोस् यदि हामीहरूको जीवन कहानी हामीहरूको मृत्युमा अन्त हुन्छ भने त्यो कहिलै पनि खुशीमा अन्त हुँदैन। मृत्यु कहिले रमाइलो हुन्छ र?

अय्यूबको कथाको वास्तविकता पनि त्यही हो। कतिपय मानिसहरूले यस कथाको अन्त्य खुशी र रमाइलो पक्षले भएको चित्रण गरेको पाइन्छ। अय्यूबको कथाको सुरूमा उनले पाएको दुःखकष्टलाई वर्णन गरिन्छ भने यथार्थमा उनको अन्त पनि रमाइलो छैन किनभने अन्तमा उनी पनि मर्छन्।

यस अध्यायमा अय्युबको पुस्तकको अध्ययन गर्न सुरू गर्छौं तर सुरूबाट होइन अन्तबाट। अन्तबाट अय्युबको कथा किन सुरू गर्छौं भने किनभने त्यसले हामीहरूको अन्तको प्रश्नको मामिलालाई पनि सम्बोधन गर्छ। अहिलेमात्र  हामी मर्ने होइन अन्त्यमा सदाको निम्ति हामी किन बिलाएर जान्छौं भन्ने प्रश्नको जिज्ञासाको भुमरीमा हामी परिरहेको हुनाले अय्यूबको पुस्तकलाई पुछारबाट यस अध्याय सुरू गर्छौं।

## १. त्यपछि तिनीहरूको जीवन सधैं खुशीसँग बित्यो? (अय्यूब ४२:१०-१७)

प्रेमी र प्रेमीकाको मामिलामा रचिएका प्रायजसो दन्त्यकथाहरूको अन्त्य यसरी भएको पाइन्छः "त्यस पछि तिनीहरू सदासर्वदा खुशीसँग जीवन बिताए।" कतिपय भाषाहरूमा यो वाक्य यस्तरी धेरै प्रयोग गरिएको हुन्छ कि त्यसको अर्थ हलुका र प्रभावरहित हुन गएको हुन्छ। त्यसप्रकारको कथाले मानिसहरूलाई यही देखाउन चाहन्छ कि राजकुमारीलाई बन्धक बनाएर लान्दा राजकुमारले छुट्टाउन महासंघर्ष गर्छन्, खराब स्यालको चालबाजीबात उम्कन भेँडाहरू संघर्ष गर्छन्, दुष्ट राजा खलनायक भएर जनतालाई दुःख दिँदा दिँदा उनको नयाँ महारानीले जनतालाई त्यसबाट राहत दिन संघर्ष गर्छिन् आदि सबै काल्पनिक कथाहरूको अन्त रमाइलो भएको हुन्छ।

अय्यूबको पुस्तक काल्पनिक वा दन्त्यकथा नभएतापनि त्यसको अन्त त्यसरी नै रमाइलो तरिकाले भएको पाइन्छ। कमसेकम झट्ट हेर्दा त्यस्तै देखिन्छ। अय्यूबले जुन् अग्नीपरिक्षालाई पार गर्नुपर्‍यो त्यसपछि उनको बारेमा लेखिएको पुस्तकको अन्त्य सकारात्मक तरिकाले भएको पाइन्छ।

**अय्यूबले आफ्नो अन्तिम जीवन कसरी बित्यो भनेर अय्यूब ४२:१०-१७ले हामीलाई कसरी बताउँछ जुन् अय्यूबको पुस्तकको अन्तिम पदहरूले भन्छन्, हेर्नुहोस्ः "१० यसरी अय्यूबले आफ्ना मित्रहरूका निम्ति प्रार्थना गरेपछि परमप्रभुले अय्यूबको सुदिन फर्काइदिनुभयो, र तिनका सबै धन-सम्पत्ति पहिलेको भन्दा दुई गुणा बढ़ाइदिनुभयो।  ११ त्यसपछि अय्यूबका सबै दाजुभाइ, दिदी-बहिनीहरू र तिनका अघिका परिचित मानिसहरू आएर तिनीसित तिनको घरमा भोज गरे, र परमप्रभुले तिनीमाथि ल्याउनुभएका सबै दुर्दशाहरूका निम्ति तिनीहरूले तिनलाई समवेदना र सान्त्वना प्रकट गरे। अनि हरेकले तिनलाई एक-एक टुक्रा चाँदी र एउटा-एउटा सुनको औंठी दिए। १२ त्यसबाहेक परमप्रभुले अय्यूबको जीवनको पछिल्लो समयलाई अघिल्लो समयभन्दा बढ़ी**

**आशिष् दिनुभयो। तिनका चौध हजार भेड़ाबाखा, छ हजार ऊँट, हजार हल गोरु र एक हजार गधा थिए। १३ तिनका सात छोरा र तीन छोरी भए। १४ तिनले जेठीको नाउँ यमीमा, माइलीको नाउँ कसीआ र कान्छीको नाउँ केरेन-हप्पूक राखे। १५ सारा देशमा अय्यूबका छोरीहरू जत्तिकै सुन्दरी अरू कोही थिएनन् अनि तिनका पिताले तिनीहरूलाई तिनीहरूका दाजुभाइसरह पैतृक-अधिकारको हिस्सा दिए। १६ त्यसपछि अय्यूब अरू एक सय चालीस वर्षसम्म बाँचे। तिनले आफ्ना छोराहरू, र चार पुस्ता र खनातिसम्म देखे। १७ आखिरमा तिनी पूरा बुढ़ेसकालमा दीर्घायु भएर मरे।"**

**बाइबलका** पुस्तकहरूमा उल्लेख गरिएका पात्रहरूमा सबभन्दा रमाइलोसँग अन्त भएर "सदासर्वदा खुशीसँग बिताए" भन्ने कथा कुन् हो भनेर तपाईंलाई कसैले सोध्यो भने प्रायजसो अरूहरूले जस्तै अय्यूबको पुस्तकलाई नै तपाईंले औंल्याउनुहुनेछ होला।

अय्यूबको कथाको अन्तमा के के भयो त्यसको बारेमा सोचे भने उनको कथा रमाइलो नै भएर अन्त भएको पाइन्छ। दुःखकष्ट परेको बेलामा नआएका आफन्तहरू र मित्रहरू उनलाई सान्त्वना दिन आउँछन्। हुनतः त्यस समूहमा उनको दुःखमा साथ दिइरहेका इलिपाज, बिल्डाड, जोफर, एलीहू र अय्यूबकको श्रीमतीको नाउँ समावेश भएको पाइन्दैन। तर उनको बाँकी आफन्त र साथीहरू उनको दुःखप्रति दुःख व्यक्त गर्दै सान्त्वना दिन्छन् र साहस दिन्छन्। तिनीहरूले उनीप्रति दया पनि देखाउँछन् र तिनीहरूलाई सुन र पैसा पनि उपहारस्वरुप दिन्छन्।

अय्यूबले पहिलेको भन्दा दोबर आशिष पाए भनेर कथाको अन्त हुन्छ (अय्यूब ४२:१२सँग अय्यूब १:३ तुलना गर्नुहोस्)। अय्यूबको दस जना छोराछोरीहरू हुन्छन्। तिनीहरूमा सात जना छोराहरू र तिन जना छोरीहरू थिए। पहिला पनि उनको दसै जना छोराछोरीहरू थिए-सात जना छोराहरू र तिन जना छोरीहरू (अय्यूब १:२,१८,१९)। र "सारा देशभरी अय्यूबका छोरीहरू जस्तो सुन्दरी अरू कसैका छोरीहरू थिएनन्" (अय्यूब ४२:१५ रूपान्तरित)। उनका पहिलाका छोरीहरू कतिको सुन्दरी थिए भनेर वयान गरिएको छैन।

अय्यूब जसले मृत्युलाई आफ्नो सामने खडा भएको देखेका थिए, उनी त अर्को १४० वर्ष बाँचे। भनिन्छ "बृद्ध र दिर्घायु अर्थात असल दिनहरू बिताउँदै अय्यूबको देहान्त भयो" (अय्यूब ४२:१७)। दिर्घायु भन्ने शब्दलाई

अब्राहमका (उत्पत्ति २५:८), इसहाकका (उत्पत्ति ३५:२९) र दाउदका (१ इतिहास २९:२८) अन्तिम दिनहरू व्याख्या गर्न प्रयोग गरिएको छ। अनेकौं दुःखकष्ट भोगेपछि कोही मानिस अन्तमा खुशी र रमाइलोसँग अन्तिम दिनहरू बिताए भन्ने धारणा त्यसले बुझाउँछ। तर अन्त्यको अन्त्य कसरी भयो भन्दा मृत्युमा रे।

**रमाइलोसँग अन्त भएको कथा हामी सबैलाई मनपर्छ। के तपाईंसँग यस्ता केही कथाहरू छन् जुन् रमाइलोसँग अन्त भएका छन्? तिनीहरूबाट हामीले के पाठहरू सिक्न सक्छौं?**

## २ दुःखान्त तरिकाले समाप्त भएका जीवन कहानीहरू (उत्पत्ति ४:८)

**मानव** शब्दहरूले व्याख्या गर्न नसकिने गरि दुःख तथा पिडा पाएका अय्यूबको जीवनको कथा उनी "दिर्घायु" भएर देहान्त भयो भनेर समाप्त भएको हुन्छ। तर सबैको जीवन त्यसरी रमाइलो भावना दिइ समाप्त भएको हुन्छ भन्ने छैन। "परमेश्वरलाई विश्वास गरे सबै कुरा ठिक हुन्छ" भन्ने लोकमा चलेको कथनको बाबजुद पनि परमेश्वरका कतिपय अति आस्थावान, निष्ठावान, आदरणीय र पवित्र जनहरूको जीवन अय्यूबको जस्तो रमाइलो तरिकाले अन्त्य वा इतिश्री भएको पाउँदैनौं।

**बाइबलका देहायका केही पात्रहरूको जीवन कसरी समाप्त भयो भनेर पढ्नुहोस्। यस संसारको यथार्थतालाई त्यसले कसरी चित्रण गर्दछ? हाबिलः उत्पत्ति ४:८ "८ तब कयिनले आफ्नो भाइ हाबिललाई भने, "आइज, हामी खेतमा जाऔं।" तिनीहरू खेतमा पुगेपछि कयिन भाइमाथि जाइलागे र त्यसलाई मारे।",उरियाहः २ शमूएल ११:१७ "१७ शत्रुका फौज सहरबाट निस्केर आई योआबको फौजसित लड्न लागे; दाऊदका कतिपय अधिकृतहरू मारिए र त्यसरी उरियाह पनि मारिए।" एलीः १ शमूएल ४:१२-१८ "१२ बेन्यामीन कुलको एक जना मानिस रणभूमिबाट शीलोसम्म दगुरेर त्यही दिन आइपुग्यो। आफ्नो शोक जनाउन त्यसले आफ्ना वस्त्र च्यातेर शिरमा माटो लाएको थियो। १३ एली करारको सन्दुकको लागि औधी चिन्तित थिए अनि बाटोको छेउमा एउटा आसनमा बसी एकोहोरो हेरिरहेका थिए। त्यस मानिसले सारा सहरमा खबर पुर्‍यायो अनि सबै जना डरले कराए। १४ स्वर सुनेर एलीले सोधे, "यो स्वर केको लागि हो?" खबर सुनाउन त्यो मानिस हतार-हतार एलीकहाँ गयो। १५ एली त्यस बेला अन्ठानब्बे वर्ष पुगेका थिए र प्रायः पूरै अन्धो भइसकेका थिए।**

१६ त्यस मानिसले भन्यो, “म लडाइँबाट भागेर निस्केको हुँ र आज यहाँसम्म दगुरेर आइपुगें।” एलीले सोधे, “मेरो छोरो के भयो त?” १७ त्यस सन्देशवाहकले उत्तर दियो, “इस्राएलीहरू पलिश्तीहरूका अघिबाट भागे। यो हाम्रो लागि एउटा डरलाग्दो हार थियो। त्यस बाहेक तपाईंका छोरा होप्नी र पीनहास मारिए अनि परमेश्वरको करारको सन्दुक कब्जामा पऱ्यो!” १८ त्यस मानिसले करारको सन्दुकबारे कुरा गर्दा एली आफू बसेको ढोकाको छेउमा भएको आफ्नो आसनबाट पछिल्तिर लडे। तिनी यति वृद्ध र मोटो भएका थिए कि त्यसरी लड्दा तिनको घिच्रो भाँचियो र तिनी मरे। तिनी चालीस वर्ष इस्राएलका अगुवा भइसकेका थिए।", राजा योशियाहः २ इतिहास ३५ः२०-२५ “२० योशियाह राजाले मन्दिरको लागि यी सबै गरिसकेपछि मिश्रका राजा नेकोले सेना लिएर लडाइँ गर्न यूफ्रेटिस नदीको किनारको कर्कमीश सहरमा आए। योशियाहले तिनलाई रोक्ने चेष्टा गरे, २१ तर नेकोले उनलाई यस्तो खबर पठाए, “तपाईं यहूदाका राजासित मेरो यस लडाइँको केही सम्बन्ध छैन। म तपाईंसित लडाइँ गर्न आएको होइनँ; तर मेरा शत्रुहरूसित लड्न आएको छु र परमेश्वरले मलाई यो काम छिट्टै गर्न भन्नुभएको छ। परमेश्वर मेरो साथमा हुनुहुन्छ, यसर्थ मेरो सामना नगर्नुहोला, नत्र उहाँले तपाईंलाई नाश गर्नुहुनेछ।” २२ तर योशियाहले लडाइँ गर्ने सङ्कल्प गरिसकेका थिए। उनले नेको राजाद्वारा परमेश्वरले के भन्दै हुनुहुन्थ्यो, त्यो सुन्न मानेनन् र आफ्नो भेष बदलेर मगिद्दोको मैदानमा लडाइँ गर्न गए। २३ लडाइँमा मिश्रीले योशियाह राजालाई हानेका काँडको चोट लाग्यो। उनले आफ्ना चाकरहरूलाई आज्ञा गरे, “मलाई लैजाओ, मलाई नराम्रो चोट लागेको छ!” २४ तिनीहरूले उनलाई रथबाट निकाली अर्को रथमा राखे, जो त्यहाँ तयार थियो र यरूशलेममा लगे। उनी त्यहाँ मरे र राजाहरू गाड्ने चिहानमा गाडिए। यहूदा र यरूशलेमका सबै मानिसहरूले उनको मृत्युमा शोक मनाए। २५ यर्मिया अगमवक्ताले योशियाह राजाको निम्ति एउटा विलापको गीत रचे। उनको निम्ति विलाप गर्दा इस्राएलका पुरुष र स्त्री गवैयाहरूले यो गीत गाउने एउटा चलन भएको छ। विलापी गीतहरूको संग्रहमा यो गीत पाइन्छ।", बप्तिस्मा दिने यूहन्नाः मत्ती १४ः३-१२ “३ पहिले आफ्ना भाइ फिलिपकी श्रीमती हेरोदियासको कारणले गर्दा हेरोदले यूहन्नालाई बाँधेर थुनामा राखेका थिए ४ किनभने यूहन्नाले राजालाई "आफ्नो भाइकी श्रीमतीलाई यसरी ल्याएर राख्नु ठीक हुँदैन," भनेर सम्झाएका थिए। ५ यसो भनेको हुनाले हेरोदले उनलाई मार्न पनि खोजेका

थिए। तर उनी मानिसहरूदेखि डराए किनभने तिनीहरूले यूहन्नालाई अगमवक्ता हुन् भनी मान्दथे। ६ हेरोदको जन्मदिनको खुसीयालीमा हेरोदियासकी छोरीले सबैको अघि खुब राम्रोसँग नाचेर देखाई। यो देखेर हेरोद धेरै खुसी भए ७ अनि उनले शपथ हाल्दै केटीलाई भने, "तिमीले जे मागे पनि म तिमीलाई दिनेछु।" ८ अनि त्यस केटीले आफ्नी आमाले सिकाएको कुरा मानेर भनी, "मलाई अहिले नै बप्तिस्मा दिने यूहन्नाको टाउको थालमा राखेर दिनुहोस्।" ९ यो सुनेर हेरोद चिन्तामा परे। तर त्यतिका पाहुनाहरूका अगाडि शपथ हालेको हुनाले उनले छोरीको इच्छा पूरा गरिदिए। १० उनले यूहन्नाको टाउको झ्यालखानमै काट्ने हुकुम दिए। ११ काट्ने मानिसले यूहन्नाको टाउको थालमा ल्याएर त्यस केटीलाई दियो अनि केटीले आफ्नी आमालाई लगेर दिई। १२ त्यसपछि यूहन्नाका चेलाहरूले आएर उनको लाशलाई लगेर गाडे अनि गएर येशूलाई यो खबर सुनाइदिए।" र स्तिफनसः प्रेरित ७:५१-६० "५१ "तपाईंहरूको हृदय अन्यजातिको जस्तै कठोर भएको छ र तपाईंहरू परमेश्वरको सन्देश सुन्न चाहनुहुन्न। आफ्ना पिता-पुर्खाले जस्तै तपाईंहरूले पनि पवित्र आत्माले देखाउनुभएको कुरालाई कहिल्यै पनि मान्नुहुन्न। ५२ के तपाईंहरूका पिता-पुर्खाले नसताएको कुनै अगमवक्ता होलान् र? परमेश्वरका पवित्र सेवक आउँदै हुनुहुन्छ भनेर खबर सुनाउने अगमवक्ताहरूलाई समेत तिनीहरूले मारे। तपाईंहरूले चाहिँ आउनुभएका पवित्र सेवकलाई नै धोखा दिएर मार्नुभयो। ५३ तपाईंहरूले स्वर्गदूतहरूको हातद्वारा परमेश्वरको व्यवस्था त पाउनुभएको थियो, तर त्यसलाई पालन गर्नुभएन।" ५४ स्तिफनसको कुरा सुनेर महासभामा बसेका मानिसहरू रिसले आगो भए र तिनीहरूले दाह्रा किट्न लागे। ५५ तर स्तिफनसले पवित्र आत्माबाट भरपूर भएर स्वर्गतिर हेरे। उनले परमेश्वरको शक्तिशाली महिमा देखे, येशू पनि उहाँको दाहिनेपट्टि हुनुहुन्थ्यो। त्यहाँ उनले परमेश्वर र उहाँको दाहिनेपट्टि येशूलाई ठूलो महिमामा बास गर्नुभएको देखे। ५६ उनले भने, "हेर, म स्वर्ग उघ्रिएको र मानव पुत्र येशूलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको देख्तै छु।" ५७ त्यत्तिकैमा तिनीहरूले जोडले कराउँदै आ-आफ्ना कान थुने र सबै उनीमाथि जाइलागे। ५८ तिनीहरूले स्तिफनसलाई ढुङ्गाले हानेर मार्न सहरदेखि घिस्याउँदै बाहिर निकाले। साक्षीहरूले आ-आफ्नो कोट फुकालेर शाऊल भन्ने ठिटाको जिम्मा लगाई स्तिफनसलाई ढुङ्गाले हिर्काउन लागे। ५९ तिनीहरूले ढुङ्गाले हिर्काइरहँदा स्तिफनसले प्रभुलाई पुकार्दै भने, "हे प्रभु येशू, मेरो आत्मालाई लिनुहोस्।" ६० त्यसपछि उनले घुँडा टेकेर

**ठूलो सोर निकालेर भने, "हे प्रभु, यो पाप यिनीहरूलाई नलागोस्!" यति भनेर उनले आफ्नो प्राण त्यागे।"**

बाइबल यस्तो कथाहरूले भरिएको छ जुन् सुखद तरिकाले अन्त भएको पाइन्दैन। यो वास्तविक कुरो हो कि मानिसहरूको जीवन नै यस्ता कथाहरूले भरिएका हुन्छन् जसको समाप्त रमाइलोसँग भएको हुँदैन। कतिपय मानिसहरूलाई स्वविवेकले परमेश्वरमाथि आस्था राखेको कारणले धर्मका अतिवादी मतियारहरूले मार्दछन् भने कतिपय भयानक रोगको कारणले मर्दछन्। त्यतिमात्र नभएर तिनीहरू कतिपयको जीवन दुःख, कष्ट, पिडाले पिरोलेका हुन्छन्। धेरै जसो तिनीहरूको जीवन अय्यूबको जस्तो दुःखबाट पार भएर सफल जीवन बिताएर समाप्त भएको हुँदैन। अझ साँच्चिकै भनौं भने परमेश्वरलाई नै विश्वास गर्छु भनेर अठोत् लिएर बसेकाहरूका कतिपयको जीवन अय्यूबको जस्तो अन्त्य भएको पाइन्दैन। त्यो त्रासपूर्ण ज्ञान बुझ्न बाइबल नै चाहिन्छ भन्ने छैन। हामीहरूकै जीवनमा कतिपय मानिसहरू छन् जसको जीवनको समाप्त दुःखित तरिकाले भएको कतिलाई थाहा छैन र?

**के तपाईंलाई यस्ता कथाहरू थाहा छ जसको समाप्त दुःखित तरिकाले भएको थियो। तिनीहरूबाट तपाईंले के सिक्नुभएको छ?**

## ३. आँशिक रूपमा पुनर्स्थापना (१ कोरन्थी ४:५)

अय्यूबको जीवनी सकारात्मक रूपमा समाप्त भएको हामीले स्वीकार्नु पर्छ। तर बाइबलका कतिपय पात्रहरू हुन् वा साधारणतया अरू मानिसहरूको हुन् तिनीहरूको सत्य जीवनी त्यसरी सधैं अन्त भएको पाइन्दैन। अय्यूबको “पुनर्स्थापना" भएको थियो भनेर बाइबलका विद्वानहरूले बेलाबेलामा भन्दछन्। केही हदसम्म कतिपय कुराहरू अय्यूबको जीवनमा फेरि पुनर्स्थापना भएका थिए भन्ने कुरामा कसैको दुईमत छैन।

तर कथा त्यसरी नै पूरा रूपमा समाप्त भएको ठिक छ भन्दा न्यायोचित तरिकाले तर्क गर्दा कसैको जीवन त्यसरीमात्र समाप्त भएको यथार्थ रूपमा के चित्तबुझ्दो छ त? के अय्यूबको जीवन वा कसैको जीवन त्यसरी समाप्त हुनु नै मानिसले यस संसारमा रहँदा पूर्णता पाएको वा सफल भएको हुन्छ भन्न सकिन्छ? निश्चय नै अय्यूबको मामिलामा उनको जीवनमा सुधार भएको थियो र राम्रो नै भएको थियो। तर अन्तमा अय्यूब मरिहाल्छ। उनीमात्र होइन, उनका सम्पूर्ण परिवार मर्दछन्। निःसन्देह तिनीहरू सबै

जनाले हामीहरूको जीवनमा हामीहरूले पाएको दुःख जस्तै तिनीहरूले पनि भोगे होलान्। तर ती दुःख तथा समस्याहरू यस पतित संसारको स्वभाव नै हो। (जतिसुकै मै हुँ भन्ने मानिस होस् वा जहाँसुकै भागेर अलगिएर बसोस्, कोही पनि जीवनको तितो सत्यबाट उम्कन सक्दैन)।

तर पर्दा पछाडि के भइरहेको थियो जसले गर्दा अय्यूबले भारि दुःख पाउनुपरेको थियो त्यसको बारेमा अय्यूबलाई थाहा थिएन भनेर हामीलाई अनुमान छ। पछिल्लो जीवनमा उनको फलिफाप भएको थियो। तर उनका देहान्त भएका अगाडिका छोराछोरी तथा र गुमाएका अरू मानिस तथा सम्पत्तिको निम्ति उनमा भएको शोक र उदासिनपनाको बारेमा के भन्ने? उनको जीवनभरी उनमा भएका रोगका दागहरू बोक्नुपरेको बारेमा के भन्ने? हो, अय्यूबको जीवन सुखमा अन्त भएको थियो तर गहिरो रूपमा हेर्दा त्यो पूर्ण रमाइलोमा समाप्त भएको पाइन्दैन किनभने धेरै यस्ता प्रश्नहरू छन् जसको जवाफ हामीमा छैन।

परमेश्वरले "अय्यूबलाई फेरि सफल बनाउनुनभयो" भनेर बाइबलले भन्दछ (अय्यूब ४२:१० रूपान्तरित)। अय्यूबको विगतको अति आतङ्कित जीवनभन्दा पछिल्लो जीवन परमेश्वरले असलै बनाउनुभएको थियो। तै पनि धेरै थोकहरू पूर्ण नभएको, प्रश्नका जवाफहरू नपाइएको र केही न केही रिक्त वा खाली भएको हामी सबैले महसुस गरेको हुनुपर्छ।

त्यसैकारण, जुन रूपमा अय्यूबको पुस्तक समाप्त भयो त्यो समार्पणले मानव जीवनको सत्यरूपमा दुःख, कष्ट र दिक्क लाग्दो चित्रण गरेको छ भनेर हामीले स्वीकार्नैं पर्छ। फेरि येशूको सुसमाचारबाट हामीले प्राप्त गरेको आशा, प्रतिज्ञाहरू र पूर्णरूपमा पुनर्स्थापना हुने लक्ष्य हामीहरूले बोकिरहेका हुन्छौं भनेर अय्यूबको कथाले हामीलाई बताउँछ। तर विशेष गरेर भन्नुपर्दा जुन पुनर्स्थापनाको जीवन हामीलाई प्रतिज्ञा गरिएको छ त्यसले अय्यूबको कथाको अन्त केही पनि होइन भनेर हामीलाई देखाउँदछ।

पावलले १ कोरन्थी ४:५मा यो स्वीकार गर्दछन् कि हामीहरूको यस जीवनमा केही यस्ता कुराहरू छन् जसको जवाफ हामीले पाउँदैनौं, जीवनको अर्थमा अभावको अनुभव भइरहेको हुन्छ र पूर्ण सफलता नपाइरहेको हुन्छ, यद्यपि त्यस पदले कुन् आशामा हामी झुण्डिरहनु उचित हुन्छ भनेर देखाउँदछ? हेर्नुहोस्: "५ यसैकारण तिमीहरूले ठीक समयभन्दा अघि नै कसैलाई दोष नलाऊ। आखिरी न्याय प्रभु आउनुभएपछि नै हुनेछ। प्रभुले नै अन्धकारमा

लुकेका सबै कुरा उज्यालोमा ल्याउनुहुनेछ र मान्छेका मनका कुराहरू देखाइदिनुहुनेछ। त्यस बेला सबै मानिसले पाउनुपर्ने स्याबासी परमेश्वरबाट पाउनेछ।"

## ४ अन्तिम राज्य (दानिएल २:४४)

बाइबल बिभिन्न विषयबस्तुहरूको सङ्गालो हो। यो इतिहासको पुस्तक हो। तर यो केवल सर्वसाधारण वा स्कुलको पाठ्य पुस्तकमा समावेश गरिएको बिद्यार्थीले पढ्ने जस्तो इतिहास होइन। यसले विगतका घट्नाहरूको बिवरण दिएर त्यसले अरू थोकहरू बाहेक हामीलाई आत्मिकी पाठहरू सिकाउँछ। विगत घट्नाहरूलाई प्रयोग गरेर यसले हामीलाई सत्य सिकाउँदछ। ती सत्यहरूले यस संसारमा हामी कसरी अर्थपूर्ण र उपलब्धीमूलक जीवन बिताउने भनेर सिकाउँदछन्। (१ कोरन्थी १०:११मा भन्दछः "यी कुराहरू तिनीहरूलाई चेताउनीको निम्ति भए तापनि ती हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ।"

तर बाइबलले केवल बिगतको इतिहासलाई मात्र कोट्याउँदैन। यसले बिगत समयमा के भयो भनेर मात्र नभनी पछि के हुनेछ सो को पनि खुलासा गर्दछ। यसले भविष्यलाई औंल्याउँछ त्यतिमात्र नभएर यस संसारको अन्त्य कसरी हुन्छ भनेर पनि हामीहरूलाई सिकाउँदछ। संसारको अन्तिम समयमा हुने घट्नाहरूलाई समुच्च रूपमा व्याख्या गर्दा "इस्काटोलोजी" (**eschatology)** भन्ने शब्द प्रयोग गरिन्छ। यो शब्द ग्रीक भाषाबाट आएको हो जसको अर्थ "लास्ट वा अन्तिम" (**last)** हो। कहिलेकाहीँ यो शब्दलाई मृत्यु, न्याय, स्वर्ग र नरकको बारेमा गरेको विश्वासलाई देखाउन प्रयोग गरिन्छ। लास्टको अर्थ निरन्तर पनि भएकोले यस शब्दले नयाँ पृथ्वीमा हुने नयाँ जीवनको आशालाई पनि वर्णन गर्न प्रयोग गरिन्छ।

यस पृथ्वीको अन्त्यको समयमा के के हुनेछ बाइबलले हामीलाई धेरै कुराहरू बताउँछ। हो, अय्यूबको कथा अय्यूबको मृत्युमा गएर टुङ्गिन्छ। यदि अय्यूबको पुस्तकमात्र हामीले पढ्ने हो भने अय्यूबको कथा उनको मृत्युमा अन्त्य भयो भनेर हामी टुङ्ग्याउन सक्छौं। त्यस पछि के भन्ने प्रश्नको जवाफसँग कुनै सरोकार नभएको देखाउन सक्छ। जसरी अय्यूबको कथा केवल उनको मृत्युमा अन्त्य भयो त्यसरी नै यदि हामीहरूको जीवन पनि केवल हामीहरूको मृत्युमा समाप्त हुन्छ भने हामीहरूको मानव जीवनको औचित्य

पशुभन्दा फरक नभएर आशारहित हुन आउँछ। मानिस मरेपछि चाहे गाडियोस् वा जलाइयोस् अब सिद्धियो भनेर हामी सुस्केरा हाल्छौं। कतिपयको निम्ति त्यो भन्दा पछि केही नभएको आभास् हुन्छ।

तर बाइबलले हामीहरूलाई अरू नै सिकाउँछ। यस संसारको अन्तमा परमेश्वरले अनन्तको राज्य स्थापना गर्नुहुनेछ जुन् सदासर्वदा रहिरहनेछ। बर्तमान अनित्यको संसार परमेश्वरले नित्यमा परिवर्तन गर्नुहुनेछ। त्यस अनन्तको राज्यमा मुक्ति पाएका मानिसहरूको निम्ति कहिलै अन्त नहुने घरबार हुनेछ। बर्तमान संसारको जस्तो आउने जाने वा स्थापना हुने वा ध्वस्त हुने राज्य जस्तो नभएर परमेश्वरको राज्य सदासर्बदाको निम्ति हुनेछ।

संसारको अन्तमा पल्हाउने आशा  दानिएल २:४४ र दानिएल ७:१८ले कसरी बताउँछ? हेर्नुहोस्ः "यी राजाहरूको समयमा स्वर्गका परमेश्वरले एउटा राज्य खड़ा गर्नुहुनेछ, जुनचाहिँ कहिल्यै नष्ट हुनेछैन, न त यसको सार्वभौमिकता अरू कुनै जातिको हातमा दिइनेछ। यसले यी सबै राज्यहरूलाई चकनाचूर पार्नेछ र अन्त्य गर्नेछ, तर यो राज्यचाहिँ सदासर्वदा रहिरहनेछ।" (दानिएल २:४४) र " तर सर्वोच्चका पवित्र जनहरूले यो राज्य पाउनेछन् र सदासर्वदाको लागि अधिकार गर्नेछन्– हो, सदासर्वदाको लागि'।" (दानिएल ७:१८)।

"मुक्तिको महान् योजनाले यस संसारलाई परमेश्वरको पक्षमा फर्काउँछ। पापले गर्दा गुमाएका सबै थोकहरू नयाँ भएर पुनर्स्थापना हुनेछ। मानिसमात्र होइन यस भौगोलिक पृथ्वीको पनि उद्धार गरिनेछ जहाँ परमेश्वरको वचनमा हिँड्नेहरूको निम्ति अनन्तको घर हुनेछ। छ हजार वर्षदेखि यस पृथ्वीलाई सदाको निम्ति आफ्नो कब्जामा लिन शैतानले प्रयास गरिरहेको थियो। अब यस संसार सृष्टि गर्दा जुन लक्ष्य लिएर परमेश्वरले सृष्टि गर्नुभएको थियो त्यो लक्ष्य पूरा हुनेछ। "तर सर्वोच्चका पवित्र जन अर्थात् सन्तहरूले यो राज्य पाउनेछन् र सदासर्वदाको लागि अधिकार गर्नेछन्– हो, सदासर्वदाको लागि'।" (दानिएल ७:१८)"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ३४२बाट रूपान्तरित।

बर्तमान अय्यूबको जीवनको कहानी लेखिएको पुस्तक अय्यूबको पुस्तक उनको मृत्युमा समाप्त हुन्छ। तर हाम्रो लागि र अय्यूबको लागि अय्यूबको पुस्तक जसरी अन्त्य भएको थियो त्यो उनको कथाको समाप्त होइन भनेर

बाइबलले सिकाएको शिक्षा हाम्रो निम्ति सुसमाचार हो। यस संसारमा हामीहरूको मृत्यु पनि हामीहरूको सदाको निम्ति इतिश्री वा समाप्त होइन।

## ५ पुनरुत्थान र जीवन (अय्यूब १४:१४,१५)

अय्यूबले अय्यूब १४:१४,१५मा के प्रश्न गरिरहेका छन् र आफ्नै तरिकाले त्यसको जवाफ उनले कसरी दिन्छन्? हेर्नुहोस् "१४ के मानिस मरेपछि ऊ फेरि जिउँछ? मेरो कठिन सेवा जतिसुकै लामो भए पनि मेरो नवीकरणको निम्ति म प्रतीक्षा गर्नेछु। १५ तपाईंले मलाई बोलाउनुहुनेछ। म तपाईंको जवाफ दिनेछु।आफूले सृजनुभएको प्राणीलाई हेर्न तपाईंले इच्छा गर्नुहुनेछ।"

अय्यूबको पुस्तकले औंल्याएका तथा प्रश्नचिन्ह खडा गरेका बिभिन्न बिषयबस्तुहरूमा मृत्यु पनि एक हो। मानौं त्यस कथाको सम्पूर्ण सारतत्व नै मृत्यु हो भन्ने आभास् कतिलाई दिइएको हुन्छ। कुनै पनि पुस्तकले मानिसको दुःखकष्टको बारेमा चर्चा गर्दछ भने त्यसमा मृत्युलाई पनि नियालेर हेरिएको हुन्छ। मृत्युले गर्दा नै हामीहरूको जीवन धेरैजसो कष्टकर बनेको हुन्छ। यदि मृत्युबाट फेरि मानिस जीवित हुन्छ भने नयाँ जीवनलाई म पर्खिरहेको छु भनेर अय्यूबले व्यक्त गर्दछन्। हिब्रू भाषामा पर्खनुको अर्थ आशावादी हुनु भनेर पनि व्याख्या गरिन्छ। त्यसकारण कुनै कुराको निम्ति मात्र पर्खिने नभएर आशामा झुन्डिरहने आवश्यकतालाई त्यसले औंल्याउँछ।

कुन् आशामा अय्यूब पर्खिरहेको भन्दा परिवर्तन हुने वा नयाँ जीवन पाउने आशामा उनी पर्खिरहेका थिए। हिब्रू भाषामा परिवर्तन भन्ने शब्दले नयाँ जीवनको सुरुवात, नविकरण वा पुरानो जीवनको ठाउँमा अर्को जीवन राखिने भन्ने जनाउँछ। प्रायजसो यस शब्दलाई लुगा परिवर्तन गर्नेमा प्रयोग गरिन्छ। यो शब्दको अर्थ आफै फराकिलो छ। तर अय्यूबमा प्रयोग गरेको त्यस शब्दको अर्थलाई वरिपरिबाट टिप्दा मृत्युपछि हुने नविकरणलाई त्यसले अर्थ देखाउँछ। त्यस नविकरणको निम्ति अय्यूब पर्खिरहेको हुन्छ। मृत्युबाट नयाँ जीवनमा हुने परिवर्तन बाहेक त्यस शब्दको अर्थ अरू के होला र? आफ्नै हातबाट बनाइएका सृष्टिलाई परिवर्तन गरि नयाँ जीवन दिने चाहना नै परमप्रभु सृष्टिकर्ता सनातन परमेश्वरको चाहना हो (अय्यूब १४:१५ रूपान्तरित)।

हामीहरूको महान् आशा, हामीहरूको जीवन मृत्युमा समाप्त नहुने प्रतिज्ञाको स्रोत येशूको जीवन, सेवाकार्य, मृत्यु र पुनरुत्थानबाट आएको हुन्छ।

"हामीहरूको परमशत्रु मृत्युलाई येशू ख्रीष्टले जित्नुभयो भनेर बाइबल धर्मशास्त्रको नयाँ करारले सिकाउँदछ। अन्तिम न्यायको फैसला सुनाउन मरेकाहरू जिउनेछन् भनेर पनि त्यसले सिकाउँछ।... न्याय गर्न परमेश्वरले सबै मानिसहरूलाई बिउँताउनुहुनेछ भन्ने शिक्षा यथार्थमा येशूको पुनरुत्थानपछि हुन्छ। बाइबलमा सिकाएका आस्थाका शिक्षाहरूमा यो एक उल्लेखनीय शिक्षा हो। येशूले मृत्युमाथि बिजय प्राप्त गर्नुभएकोकारणले गर्दा नै त्यस शिक्षा वास्तविक भएको देखाउँछ र त्यसले आस्थामा रहने सबैलाई शक्ति प्रदान गर्दछ।"-जोन ई. हार्टलीबाट लिखित *द बुक अभ जोब* पृ. २३७बाट रूपान्तरित। (निकटबाट छापित बिद्युतिय संस्करण। ग्राण्ड रापिड, मिशिगन, इरडिमानस्, १९८८)।

मरेर चिहानमा राखिसकेको लाजरसलाई बिउँताउनुभन्दा अघि येशूले उनको दिदी मार्थालाई भन्नु भयो "पुनरुत्थान र जीवन मै हुँ। जसले मलाई बिश्वास गर्छ ऊ मरेपनि जिउनेछ" (यूहन्ना ११:२५ रूपान्तरित)। येशूको उपरोक्त कथनले जीवनको अन्तमा पाउने हामीहरूको आशा र आस्थाको इनाम त्यसले हामीहरूलाई कसरी खुलासा गरिएको छ? अय्यूबलाई थाहा नभएको कुरा हामीलाई के थाहा छ?

## उपसंहारः

थप जानकारीः धेरै आतङ्कित बनाउने घट्नाहरूले अय्यूबलाई पिरोलेको थियो। तर उनी परमेश्वरमाथिको आस्था र भरोसामा अडिग भएर बसे। उनले गुमाएका सबै थोकहरू उनले फिर्ता पाउँदा उनी भाग्यमानी भएको देखिन्छ। तै पनि अय्यूबको पुस्तकमा औंल्याएका धेरै प्रश्नहरूको जवाफ दिन बाँकि नै भएको पाइन्छ। ६६ वटा बाइबलका पुस्तकहरूमा अय्यूब केवल एउटामात्रै हो। हामीहरूको सारा विश्वासको सार त्यस पुस्तकमा मात्र आधारित भयो भन्दा त्यो गलत हुनसक्छ। बाइबलमा भएका अरू पुस्तकहरू छन् जसबाट अय्यूबको पुस्तकले औंल्याएका कठिन प्रश्नहरूको जवाफ बुझाउन थप आत्मज्ञानहरू सिकाउँदछन्।

पुरानो करार वा इस्राएलको पौराणिक समयमा पूरा नबुझिएका धेरै ज्ञानहरू नयाँ करारले प्रकाशमा ल्याउँदछन् अर्थात् खुलाउँछन्। त्यसको ठूलो ज्वलन्त उदाहरण पवित्र मन्दिरमा गरिने सेवाकार्यहरूका भेदहरू नयाँ करारले खुलाउँछन् जुन् पुरानो करारमा रहस्यमय भएर बसिरहेका हुन्छन्। परमेश्वरको

परमभक्तले पशू बलि र बलिप्रथाहरूको बारे सम्पूर्ण अर्थहरू बुझेका थिएनन् होलान्। तर येशूले क्रुसमा भोग्नुभएको मृत्युले मात्र पवित्र मन्दिरमा हुने बिभिन्न सेवाकार्यहरूका रहस्यहरू बुझाउँदछन्। पवित्र मन्दिरमा हुने सेवाकार्यहरूको पूरा सत्य अर्थ हिब्रूको पुस्तकले स्पष्टरूपमा खुलाएको पाइन्छ।

अहिले हामीलाई बर्तमान सत्य वा समयसापेक्षित सत्यको (१ पत्रुस १:१२) बारेमा आत्मज्ञान हुँदा हामी आशिषित छौं। बिभिन्न विषयबस्तुहरूको बारेमा अय्यूबलाई भन्दा हामीलाई धेरै ज्ञान छ। तै पनि हामीसँग धेरै जिज्ञासाहरू छन् जसको जवाफ सिक्न बाँकि नै छ र जवाफ नपाएतापनि तिनीहरूलाई मनमा राखेर चित्त बुझाएर बाँच्नुपर्छ। जति धेरै सत्यहरू हामी सिक्न चाहन्छौं त्यति परमेश्वरले पनि हामीहरूलाई सिकाइरहनुहुन्छ। हो, हामीहरूसँग महान् आत्मज्ञानहरू छन् तर अझ धेरै ज्ञानहरू सिक्न बाँकि नै छ। हामीलाई यो भनिएको छः "सन्तहरू एक संसारबाट अर्को संसारमा अर्थात् एक ग्रहबाट अर्को ग्रहमा यात्रा गर्नेछन्। तिनीहरूले प्रायजसो आफ्ना समयहरू मुक्तिको रहस्यहरूको बारेमा खोज्न गर्न बिताउनेछन्। अनन्तकालभरि यस बिषयमा जान्न तिनीहरूका दिमागहरू निरन्तररूपमा खुला गरिराख्नेछन्।"-एलेन जी ह्वाइट, एडभेन्टिस्ट रिभ्यु एण्ड सब्बथ हेराल्ड, मार्छ ९, १८८६बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. प्रगतिशील प्रकाश वा आत्मज्ञानको अर्थ सत्यको बारेमा ज्ञानहरू नयाँ नयाँ गरि र गहिरोसँग हामीहरूको दिमागमा चम्काइराख्नु वा बढाइ राख्नु हो। प्रगतिशील सत्य आत्मज्ञानका धारणाहरूले कसरी काम गरिरहेका छन् भन्ने अरू उदाहरणहरू के के छन्? कोही मानिस गणित सिक्न पहिला गन्न सिक्छ। त्यसपछि उसले जोड्न, घटाउन, गुणन गर्न र भाग गर्न सिक्छ। त्यसपछि अलजेब्रा, जियोमेट्री क्यालकुलस जस्ता सान्हो हिसाबहरू हामी सिक्छौं। तर ती सबै हिसाबहरूमा जोड, घटाउ, गन्ने र भाग गर्ने आधारभूत हिसाबहरू गरि नै रहेका हुन्छन्। प्रगतिशील आत्मज्ञान हामीहरूको चर्चका शिक्षाहरूको एक भाग हुन् भनेर उपरोक्त उदाहरणले हामीहरूलाई कसरी देखाउँछ?

आ. अय्यूब ४२:११मा उल्लेख गरेको छ "त्यसपछि अय्यूबका सबै दाजुभाइ, दिदी-बहिनीहरू र तिनका अघिका परिचित मानिसहरू आएर तिनीसित तिनको घरमा भोज गरे, र परमप्रभुले तिनीमाथि ल्याउनुभएका सबै दुर्दशाहरूका निम्ति तिनीहरूले तिनलाई समवेदना र सान्त्वना प्रकट गरे। अनि हरेकले तिनलाई एक-एक टुक्रा चाँदी र एउटा-एउटा सुनको औंठी दिए।" बाइबलको इतिहासभरि विद्वानहरूले यो प्रश्न गरिरहेका छन् कि ती नातेदारहरू र इष्टमित्रहरू अय्यूबलाई अत्यन्त दुःख र पिडा भएको बेलामा कहाँ थिए? अय्यूबको परिस्थितिको सुधार भएपछि र उनको जीवनमा असल हुन थालेपछि तिनीहरू उनकहाँ आउँछन्। मानिसहरूको चर्तिकलामा त्यस्तो स्वभाव हुनु किन गलत छ?

इ. कति कुराहरू खराब तरिकाले समाप्त भइरहेको तपाईंलाई थाहा छ? क्रुसले गर्दा हामीहरूको जीवनको अन्त्य खराब तरिकाले नै हुन्छ भन्ने निराशामा रहनुपर्छ भन्ने छैन भनेर तपाईं कसरी विश्वस्त हुने?